# अनुगमनको संक्षिप्त वार्षिक प्रतिवेदन (आ.ब. २०७३/२०७४)

- **अनुगमन उप समितिको गठन प्रकृया**

काठमाडौं उपत्यका खानेपानी तथा जलश्रोत अनुगमन सम्बन्धी निर्देशिका, २०६९ (संशोधन सहित) मा निर्दिष्ट प्रावधान बमोजिमका काम कारवाही गर्न सोही निर्देशिकाको दफा ३(१) बमोजिम कार्यकारी समितिबाट ३ (२) मा व्यवस्था भए अनुसार देहाय बमोजिमका सदस्यहरु रहेको अनुगमन उप-समिति गठन भई कार्य भई रहेको छ ।

(क) पानीको गुणस्तर, चुहावट नियन्त्रण अनुगमन कार्यदलको संयोजक (का.स.सदस्य) – संयोजक

(ख) पानीको गुणस्तर, चुहावट नियन्त्रण अनुगमन कार्यदलको सदस्य (का.स.सदस्य) – सदस्य

(ग) कार्यकारी निर्देशक वा कार्यकारी निर्देशकले तोकेको अधिकृत – सदस्य

(घ) प्रतिनिधि प्रहरी नायब उपरिक्षक (नेपाल प्रहरी) – सदस्य

(ङ) प्रतिनिधि कम्तीमा आठौं तह भन्दा माथिको गुणस्तर हेर्ने अधिकृत (का.उ.खा.लि.) – सदस्य

(च) प्रतिनिधि कम्तीमा रा.प. तृतीय श्रेणीको अधिकृत (सम्बन्धित मन्त्रालय) – सदस्य

**द्रष्टब्य :**

१. उक्त उप-समितिमा संयोजक र सदस्यको रुपमा कार्य गर्न का.स.स. को छनौट कार्यकारी समितिको निर्णय अनुसार हुने र उक्त कार्यकारी समितिमा काठमाडौं उपत्यकामा कार्यरत उपभोक्ता संघ संस्थाको प्रतिनिधि का.स.स. सदस्य रहने प्रावधान समेत रहेको छ ।

२. सोही निर्देशिकाको दफा ९ बमोजिम अनुगमन कार्यको लागि बोर्डबाट तोकिएका अन्य कर्मचारीहरु रहने व्यवस्था गरिएको छ ।

३. उक्त अनुगमन उप–समिति पूर्णतः वोर्डको कार्यकारी समिति प्रति उत्तरदायि रही प्रत्येक चौमासिक प्रतिबेदन कार्यकारी समिति समक्ष पेश गर्ने व्यवस्था रहेको छ । पारित गरिएको प्रतिवेदन सम्बन्धित वेवसाइटमा राखिने व्यवस्था समेत मिलाइएको छ ।

४. आ.ब. २०७४।०७५ देखिको प्रत्येक चौमासिक प्रतिबेदन पाँचौ महिनाको १५ दिन भित्र अपलोड गरिने व्यवस्था गरिएको छ ।

- **अनुगमन उप-समितिबाट आ.ब. २०७३।०७४ मा पारित बार्षिक प्रतिबेदन प्रस्तुत गरिएको छ।**

१. काठमाडौं उपत्यका खानेपानी लिमिटेड मा गरिएको अनुगमनको विवरण ( आ.ब. २०७३/२०७४)

| अनुगमनको विवरण | | दिइएको निर्देशन | पालना भए / नभएको | कैफियत |
|---|---|---|---|---|
| शाखा | अनुगमन संख्या | | | |
| के.यु.के.एल.(केन्द्र) | १ | i. लिक मर्मत | भएको | |
| महांकालचौर | ९ | ii. Treatement Plant सरसफाई | भएको | |
| महाराजगंज | ३ | iii. केमिकल भण्डारण /व्यवस्थापन | भएको | |
| मध्यपुर ठिमी | ३ | iv. पानीको गुणस्तर सुधार | भएको | |
| भक्तपुर | ३ | v. मुहान संरक्षण | भएको | सुन्दरीजल,महादेवखोला |
| जाउलाखेल | ८ | vi. Dozing Pump मर्मत | भएको | सैंवु |
| किर्तिपुर | १ | vii. कम्पाउण्ड वाल निर्माण /मर्मत | भएको | सुन्दरीघांट र सुन्दरीजल |
| वानेश्वर | २ | viii. वितरण तालिका प्रकाशन | भएको | |
| कमलादी | २ | ix. प्राविधिक स्तरोन्नती | नभएको | कार्यान्वयनको प्रकृयामा रहेको |
| टैंकर शाखा | ५ | x. टयांकरमा स्टिकर टाँस्न | भएको | |

२. भूमिगत श्रोतको पानी उपयोग गर्ने संघ, संस्था वा व्यक्ति एंव श्रोत तथा टैंकरहरुको अनुगमन विवरण ( आ.ब. २०७३/२०७४)

| अनुगमन | विवरण | उपलब्धी | कैफियत |
|---|---|---|---|
| भूमिगत श्रोत( ट्यूववेल) | १. नंया अनुमतीपत्रको लागि प्रक्रियामा आएका | २३ | |
| | २. आर्थिक वर्ष २०७३।०७४ मा थप Rain Water Harvesting प्रविधि जडान भएको । | ५५ | केहि निर्माणाधिन अवस्थामा रहेका । |
| | ३. नंया वल्क मिटर जडान भएको । | ५५ | |
| | ४. अनुमती पत्रका लागि अनुगमन पश्चात सम्पर्कमा आएका Deep Well | २० | |
| | ५. टैंकर व्यवसायीहरुलाई अनुमती पत्रको दायरामा ल्याउन सूचना प्रकाशित गरिएको । | कुल–४२१ (निलो–१४) (हरियो–३५६) (पहेलो–५१) | निलो–पिउन योग्य हरियो –घरायसी प्रयोजन पहेलो–अन्य प्रयोजन |
| | ६. पानीको गुणस्तर परिक्षण गरिएको । | कुल–२७० (श्रोतको –७०) (टैंकरको– २००) | |
| | ७. उपत्यकामा रहेका खानेपानीका श्रोतहरुको Digital Maping गरिएको । | ५० | |
| | ८. अन्य आम्दानी (अतिरिक्त आम्दानी )। | रु. ६९८३३३ | |